नेपाल सरकार
अर्थ मन्त्रालय
# सार्वजनिक ऋण व्यवस्थापन कार्यालय
## दोश्रो बजार कारोबार तथा हिसाब समायोजन शाखा
त्रिपुरेश्वर, काठमाडौं

प.सं. :- ०८१/८२
च.नं. :- ५

मिति :- वि.सं. २०८१/०४/१३

विषय: नागरिक बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्रको कारोबार सम्बन्धमा ।

श्री बजार निर्माता (बैंक तथा वित्तीय संस्था र अन्य संस्था समेत)
सवै

नेपाल सरकारको तर्फबाट साविकमा नेपाल राष्ट्र बैंकले जारी गरेका विभिन्न नागरिक बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्रको दोस्रो बजार कारोबार (खरिद बिक्री) तहाँ मार्फत भौतिक रुपमा हुँदै आएकोमा हाल सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले त्यस्तो बचतपत्रलाई DOMS तथा Investor's प्रणालीमा अभिलेख राखी सोही प्रणाली मार्फत खरिद बिक्री गर्ने व्यवस्था गरिएको छ। पहिलो चरणमा बैंक तथा वित्तीय संस्था वा अन्य संस्थाको स्वामित्वमा रहेको भौतिक प्रमाणपत्रलाई Digitize गरिने छ। दोस्रो चरणमा व्यक्तिहरुको Investor's Portal मा प्रोफाईल सिर्जना गरी निजहरुको Portfolio अद्यावधिक गर्ने र Digitize पछि मात्र दोस्रो बजार कारोबारको लागि DOMS तथा Investor's Portal प्रयोग गरी खरिद बिक्री गर्न सकिने भएकोले देहायबमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ।

तपसिल

१. मिति २०८१।४।१३ र १४ गते नागरिक बचतपत्र तथा बैदेशिक रोजगार बचतपत्रको खरिद बिक्री कार्य नगर्ने नगराउने, यस अघि कुनै कारोबार गरेको भए मिति २०८१/०४/१३ गते कार्यालय समयभित्र कार्यालयलाई जानकारी दिने,
२. मिति २०८१।०४।१५ देखि खरिद बिक्रीको कारोबार DOMS तथा Investor's Portal प्रयोग गरी गर्ने गराउने,
३. नागरिक बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्रको खरिद बिक्रीको कारोबार गर्नु अगाडी पाकिसकेको सम्पूर्ण ब्याज रकम भुक्तानी दिई प्रमाणपत्रलाई Digitize गर्न अनिवार्य रुपमा कार्यालयमा पठाउने.
४. बचतपत्र Digitize पश्चात करोबारको प्रमाणपत्र आवश्यक नपर्ने, आफ्नो Portfilio को विवरण investor's portal मा User name र Password प्रयोग गरी हेर्न सकिने छ।
५. आगामी दिनमा बचतपत्रको कारोबार Doms र Investor's Portal बाट मात्र हुने हुदाँ यस अवधिमा लगानीकर्तालाई Invertor's Portal Signup गर्न प्रोत्साहन गर्ने र Signup विवरण Approve गरिदिने।
६. कुनै द्विविधा भएमा कार्यालयमा सम्पर्क राखु हुन अनुरोध छ।

०८१/०४/१३
(डिला राम गिरी)
उप सचिव





about:blank